नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार

## विश्व हुलाक संघको दोस्रो असाधारण कंग्रेसमा सहभागी भई माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाज्यूको टोली स्वदेश फर्कनु भएको सम्वन्धमा जारी भएको

## प्रेस विज्ञप्ती

इथियोपियाको आदिस अबाबामा भदौ १८ देखि २२ गतेसम्म आयोजित विश्व हुलाक संघको दोस्रो असाधारण कंग्रेसमा सहभागी भई माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाज्यू आज नेपाल फर्कनु भयो। कंग्रेसको मन्त्रीस्तरीय सत्रमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री बाँस्कोटाले सम्बोधन गर्नु भएको थियो। संबोधनका क्रममा माननीय मन्त्री बाँस्कोटाले हुलाक क्षेत्रमा भईरहेको परिवर्तन, भोग्नु परिरहेको समस्याहरु, प्रविधिमा आएको परिवर्तनले ल्याएको अवसरहरु तथा विश्व हुलाक संघले गर्ने गरेको निर्णयहरु प्रति नेपालको प्रवतिबध्दता ब्यक्त गर्नु भएको थियो। साथै, नेपालमा हुलाक सेवामा गर्नु पर्ने सुधार तथा भोग्नुपरीरहेको समस्याहरुका बारेमा पनि चर्चा गर्नु भएको थियो । हुलाक सेवाको विकासवाट नेपालले लिएको लक्ष्य समृध्द नेपाल सुखी नेपाली प्राप्त गर्न सघाउ पुग्ने पनि उल्लेख गर्नु भएको थियो।

कंग्रेसमा सहभागी हुने क्रममा मा. मन्त्रीज्यू र विश्व हुलाक संघका महानिर्देशक श्री विशार ए. हुसेन विच शिष्टाचार भेटघाट भएको थियो ।साथै, विश्व हुलाक संघले हुलाक प्रशासनमा समय -साक्षेप सुधारका लागि गर्दै आएको सत्प्रयासका निम्ती महानिर्देशलाई धन्यवाद दिँदै माननीय मन्त्री बाँस्कोटाले नेपालको हुलाक सेवाको आधुनिकीकरणमा संघको सद्भावको अपेक्षा गर्नुभयो । माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटा र सोही कंग्रेसमा जापानी प्रतिनिधिमण्डलको नेतृत्व गरिरहनु भएका जापानको आन्तरिक मामिला तथा सञ्चार उप-मन्त्री श्री कात्सुया वातानाबे विच भेटघाट भएको थियो। भेटको क्रममा नेपाल र जापानवीच रहिआएको मैत्रीपूर्ण सम्वन्ध र सञ्चारका क्षेत्रमा हुन सक्ने सहयोगका बारेमा कुराकानी भयो। विशेषत: जापानको हुलाक सेवाले प्राप्त गरेको लोकप्रियता र उपलब्धिबाट नेपालको हुलाक प्रशासनमा कस्तो सुधार गरेर अघि बढ्न सकिन्छ भन्नेमा भक्त भेटघाट केन्द्रीत रह्यो। माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीले नेपालको सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा जापानसँग मिलेर सहकार्य गर्न नेपाल ईच्छुक रहेको कुरा ब्यक्त गर्नुभयो । साथै जापानी उप-मन्त्रीले नेपालसँग हुलाक सुधार लगायतका सवै क्षेत्रमा सँग-सँगै अघि बढ्ने प्रतिबध्दता जाहेर गर्नुभयो। उक्त अवसरमा माननीय मन्त्री श्री बाँस्कोटाले जापानी उप-मन्त्रीलाई उपयुक्त समया नेपाल भ्रमणको लागि निमन्त्रणा दिनु भयो।

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार

**2nd UPU Extraordinary Congress, Ethiopia का मुख्य उपलब्धिहरू:**

१) ४० बर्षको इतिहासमा प्रथम पटक सर्वसम्मत रूपमा विश्व हुलाक संघको सुधारका लागि सहमति कायम भएको। संघको प्रभावकारिता बढाई थप सशक्त र सबल बनाउन सदस्य राष्ट्रहरू सहमत भएका।

२) संघको दिगो र सहज सञ्चालनको लागि स्थायी र भरपर्दो योगदान नीति (सदस्य राष्ट्रहरूले वार्षिक रूपमा तिर्नुपर्ने सदस्यता शुल्क) तर्जुमा गर्ने क्रममा थप अध्ययन र परिमार्जन साथ आइभोरी कोष्टमा सन् २०२० मा हुने यूपियु कंग्रेसमा प्रस्ताव पारित गर्ने सहमति भएको।

३) न्यून आय, २ लाख भन्दा कम जनसख्या तथा अल्पबिकसित राष्ट्रहरूको लागि बेग्लै किसिमको योगदान नीति बनाउने सहमति भएको । यो प्रस्ताव लागू हुँदा हालसम्म १४ वटा साना देशहरूले फाईदा लिन सक्ने । यस सम्वन्धी प्रस्तावको पक्षमा समेत नेपालले मतदान गरेको । साथै अन्य अबस्थामा यूपियुको आर्थिक स्थायित्वका लागि हालको स्वैच्छिक योगदानलाई राष्ट्रिय अर्थतन्त्र तथा क्षमताको आधारमा अनिवार्य योगदान निर्धारण गर्ने बिषयमा हाललाई कंग्रेस मातहतमा रहेर अध्ययन गर्ने गरी कार्यदल गठन गरेर आइभोरी कोष्टमा सन् २०२० मा हुने यूपियु कंग्रेसमा प्रस्ताव पेश गर्ने बिषयमा समेत सहमति भएको।

४) हुलाक सेवालाई समयानुकुल परिवर्तन, परिमार्जन तथा अनुमानयोग्य बनाउन चिठी तथा पार्सलहरूलाई साना, मझौला, ठूला तथा भन्सार लाग्ने र नलाग्ने गरी छुट्टाउने र यसरी छुट्टाएको आधारमा फरक-फरक सेवा शुल्क निर्धारण गर्ने गरी सन् २०२० देखि लागू हुने प्रस्तावमा विश्वका धेरै देशहरू तयार नभएको हुँदा यसमा समेत सन् २०२० को कंग्रेसले निर्णय गर्ने गरी प्रस्ताव पेश गर्ने सहमति भएको।

५) नेपालको हुलाक प्रशासन सुधार गर्न विश्व हुलाक संघले प्राविधिक सहयोग गर्ने गरी यूपियुका महानिर्देशकसँगको वार्तावाट सहमति भएको। यसै सन्दर्भमा जापानको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयका उप-मन्त्री र भियतनामका सूचना तथा सञ्चार मन्त्रालयका उप-मन्त्रीहरूसँगको बेग्ला बेग्लै बार्तामा नेपालको हुलाक प्रशासनमा सुधारका लागि आवस्यक सहकार्य र सहयोग गर्ने गरी सहमति भयो।

कंग्रेसमा नेपालको तर्फवाट माननीय मन्त्रीज्यूको नेतृत्वमा रहेको टोलीको सहभागीताले नेपालले हुलाक क्षेत्रमा ल्याउन खोजेको सुधार गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ साथै, विश्व हुलाक संघले गरेको निर्णयहरु प्रतिको प्रतिवघ्दताले नेपाललाई विश्वमा चिनाउने काम भएको छ।

(रामचन्द्र ढकाल)

सहसचिव एवं प्रवक्ता

२०७५ भदौ २३ गते, शनिबार